# बैठक संख्या -११ (एघार)

आज मिति २०८२ साल चैत्र २४ गतेका दिन रामेछाप नगरपालिकाका प्रमुख श्री लवश्री न्यौपानेज्यूको अध्यक्षतामा देहायका पदाधिकारीज्यूहरुको उपस्थितिमा देहायको विषयहरुमा छलफल गर्ने सन्दर्भमा नगर कार्यपालिकाको बैठक बस्यो ।

तपसिल

| | | |
|---|---|---|
| १ | नगरपालिका प्रमुख श्री लवश्री न्यौपाने<br>रामेछाप नगरपालिका रामेछाप | अध्यक्ष |
| २ | नगरपालिका उप-प्रमुख श्री बाल कुमारी कार्की थापा<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ३ | का.वा.वडा अध्यक्ष वडा नं.१ श्री सन्जित कार्की<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ४ | वडा अध्यक्ष वडा नं. २ श्री निर बहादुर श्रेष्ठ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ५ | वडा-अध्यक्ष वडा नं.३ श्री दल बहादुर प्रधान<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ६ | वडा अध्यक्ष वडा नं. ४ श्री कृपा थापा मगर<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ७ | वडा अध्यक्ष वडा नं. ५ श्री हरिश्चन्द्र श्रेष्ठ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ८ | वडा अध्यक्ष वडा नं. ६ श्री राजेश तामाङ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ९ | वडा अध्यक्ष वडा नं. ७ श्री समिर कार्की<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १० | वडा अध्यक्ष वडा नं.८ श्री सन्तोष कुमार तामाङ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ११ | वडा अध्यक्ष वडा नं.९ श्री चन्द्र बहादुर श्रेष्ठ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १२ | कार्यपालिका सदस्य श्री रुकुम हायू<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १३ | कार्यपालिका सदस्य श्री राम बहादुर माझी<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १४ | कार्यपालिका सदस्य श्री रमेश कामी<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |

CamScanner

| | | |
|---|---|---|
| १५ | कार्यपालिका सदस्य श्री यम कुमारी मगर<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १६ | कार्यपालिका सदस्य श्री शर्मिला वि.क.<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १७ | कार्यपालिका सदस्य श्री शान्ती तामाङ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १८ | कार्यपालिका सदस्य श्री लक्ष्मी नेपाली<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १९ | कार्यपालिका सदस्य श्री सविना मोक्तान<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| २० | प्रमुख प्रशासकीय अधिकृत श्री भोलाप्रसाद चापागाईं<br>रामेछाप नगर कार्यपालिकाको कार्यालय रामेछाप | सदस्य सचिव |

छलफलका विषयहरु:

१. अघिल्लो नगर कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समीक्षा ।
२. एफ.एम.रेडियोसँग भएका सम्झौता नवीकरण सम्बन्धमा ।
३. गरिब घर परिवार गणक नियुक्ति र बजेट बाँडफाँड सम्बन्धमा ।
४. वडा नं.५ को रामपुर बचत तथा ऋण सहकारी संस्थाको लागि अनुदान रकम सम्बन्धमा ।
५. एक पालिका एक चिस्यान केन्द्र स्थापना सम्बन्धमा ।
६. दोस्रो चौमासिक सार्वजनिक सुनवाईको मिति तोक्ने सम्बन्धमा ।
७. स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्बन्धी कार्यविधि,२०८२ कार्यान्वयन सम्बन्धमा।

(लवश्री न्यौपाने)
प्रमुख

निर्णय नं.१

अघिल्लो नगर कार्यपालिकाको बैठकबाट पारित भएका निर्णयहरुको कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा गरियो। निर्णय कार्यान्वयनको अवस्था समग्रमा सन्तोषजनक रहेको पाईयो।

निर्णय नं. २

रामेछाप नगरपालिका मार्फत सम्पादन भएका र हुने कार्यहरु, प्राप्त उपलब्धी लगायतका विषयमा नागरिकलाई सुसूचित गर्ने, नागरिकको सूचनाको अधिकार स्थापित गरी सुशासन प्रवर्द्धनमा सहयोग पुऱ्याउने उदेश्यका साथ रामेछाप जिल्लामा सञ्चालित एफ.एम रेडियोहरुको सहकार्यमा हजुरको रेडियो १०२.१ मेगाहर्जसँग सम्झौता भई विगत वर्षहरु देखिनै नियमित रुपमा हाम्रो रामेछाप नामक कार्यक्रम उत्पादन तथा प्रशारण भईरहेकोमा सो सम्झौताको अवधि २०८२ साल असार मसान्तबाट समाप्त भएकोले आ.व. २०८२/०८३ का लागि कार्यक्रम उत्पादन तथा प्रशारण गर्न गत वर्षकै सम्झौता बमोजिम भुक्तानी हुने गरी सम्झौता नवीकरण गरी कार्यदिश दिने निर्णय गरियो ।

निर्णय नं. ३

नेपाल सरकार, भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालयद्धारा स्थानीय तहहरुसँगको समन्वय र सहकार्यमा सञ्चालित गरिव घर परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम अन्तर्गत गरिव घर परिवार पहिचानका लागि गरिव परिवार व्यवस्थापन सूचना प्रणाली-PHIMS मार्फत तथ्यांक संकलन गर्ने सन्दर्भमा गरिव परिवार परिचयपत्र वितरण कार्यविधि,२०७९ तथा गरिव परिवार पहिचान गर्न परिवारको तथ्यांक संकलन सम्बन्धी मार्ग दर्शन,२०७९ बमोजिमको सेवा सुविधा पाउने गरी यस नगरपालिका अन्तर्गतका वडा कार्यालयहरुबाट सिफारिस भई आएका देहायका व्यक्तिहरुलाई कार्यविधिमा तोकिएको योग्यता जाँच गरी मिति २०८३/०१/०१ गते देखि गणकको रुपमा नियुक्ति दिई तोकिए बमोजिमको काममा लगाउने र यसका लागि विनियोजित बजेट रु.६,५३०००।- स्वीकृत गर्ने निर्णय गरियो ।

| वडा नं | गणकको नाम/थर |
|---|---|
| १ | सरस्वती खत्री (कार्की) |
| | भरत सापकोटा |
| २ | प्रमिला मगर |
| | विमला खड्का |
| ३ | पुरुना प्रधान |
| | कुमारी बि.क |
| ४ | सुजाता सुनुवार |
| | मेघराज श्रेष्ठ |
| ५ | लक्ष्मण तामाङ |
| | अनिता तामाङ |
| ६ | तिलक बहादुर मगर |
| | सरिता तामाङ |
| ७ | यम बहादुर तामाङ |

प्रसाद ढुंगाना
अधिकृत

| | |
|---|---|
| | राजन महतारा |
| ८ | कमला कार्की |
| | अनिता शाही |
| ९ | सरिता श्रेष्ठ |

**निर्णय नं. ४**

चालु आ.व.०८२/०८३ को वडा स्तरीय स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत रामेछाप नगरपालिका वडा नं.५ स्थित रामपुर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको भवन तला थप साझेदारी कार्यक्रमका लागि विनियोजन भएको बजेट रु.१,५०,०००।-(एक लाख पचास हजार) बाट कार्यक्रम सञ्चालन गर्न सम्झौताका लागि वडा कार्यालयबाट सिफारिस भई आएकोले उक्त बचत तथा ऋण सहकारी संस्थाको भवन तला थप कार्यको सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौंको प.सं.०८२/०८३ च.नं. यो.व.का/५१९ मिति २०८२/१२/१७ गतेको प्राप्त पत्र बैठक समक्ष प्रस्तुत भयो । नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२/१२/१३ को बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धी कार्यसूचीको बुँदा नं.९०(ख) मा समावेश भएको कृषि उपजको भण्डारण तथा बजारीकरण सुधारका लागि "एक पालिका एक चिस्यान केन्द्र" कार्यक्रम प्रारम्भ गर्ने विषय कार्यान्वयन प्रयोजनार्थ चिस्यान केन्द्र निर्माणको आवश्यकता तथा सम्भाव्यताका सम्बन्धमा कार्यपालिका बैठकको निर्णय सहित विवरण माग भएकोमा यस नगरपालिका भित्र उत्पादित कृषि उपजहरुको भण्डारणका लागि चिस्यान केन्द्र निर्माणको आवश्यकता भएको तर चिस्यान केन्द्र निर्माणका लागि आवश्यक कुल लागतमा स्थानीय तहबाट ५०% लागत साझेदारी हुने सुनिश्चितता गर्नु पर्ने हुँदा यस नगरपालिकाको सिमित स्रोत साधनका कारण ५०% बराबरको रकम स्रोत साझेदारी गर्न सम्भव नदेखिएकोले निजी क्षेत्र वा सहकारी संस्थाले ५०% लागत साझेदारी गरी चिस्यान केन्द्र निर्माण गर्न चाहेमा सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो।

**निर्णय नं.६**

रामेछाप नगरपालिकाबाट चालु आर्थिक वर्ष २०८२/०८३ को दोस्रो चौमासिक अवधिमा सम्पादन भएका विकास निर्माण लगायत सेवा प्रवाहको अवस्थाका बारेमा २०८२ साल चैत्र २७ गते वडा नं.८ स्थित श्री मा.वि भंगेरी प्राङ्गणमा विहान १०:बजे सार्वजनिक सुनुवाई कार्यक्रम र एकीकृत सेवा सहितको घुम्ती शिविर कार्यक्रम समेत सञ्चालन गर्ने निर्णय गरियो।

**निर्णय नं.७**

स्थानीय शासन कार्यसम्पादन मूल्यांकन प्रणाली (LGPAS) को प्राप्ताङ्क सम्बन्धमा छलफल हुँदा स्थानीय शासन कार्यसम्पादन मूल्यांकन कार्यविधि, २०८२ बमोजिम निर्धारित सूचकहरुको स्वमूल्यांकनबाट यस नगरपालिकाको प्राप्त प्रारम्भिक नतिजा ६५.०० लाई सूचकगत रुपमा देहाय बमोजिम विश्लेषण गरी कार्यविधिको दफा ६ को उपदफा १ (६) बमोजिम जिल्ला समन्वय समिति, मन्थली, रामेछापमा पठाउने निर्णय गरियो ।

भोला प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

रामेछाप नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामेछाप बजार, रामेछाप
बागमती प्रदेश, नेपाल

कार्यसम्पादन मूल्यांकनबाट प्राप्त प्रारम्भिक नतिजा/ प्राप्ताङ्क

| क.स | विषय क्षेत्र | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | सुशासन तथा संस्थागत विकास | ४० | २७.३ | |
| २ | सामाजिक विकास | २० | १३.५ | |
| ३ | आर्थिक विकास | २० | १३.८ | |
| ४ | पूर्वाधार विकास | १० | ८.१ | |
| ५ | वन वातावरण तथा विपद् व्यवस्थापन | १० | २.३ | |
| | जम्मा | १०० | ६५.०० | |

**निर्णय नं. ८**

चालु आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक वजेट तथा कार्यक्रम अन्तर्गत १०.३१ अनुगमन मुल्यांकन खर्चका लागि रु.१८,००,०००।-(अठार लाख) विनियोजन भएकोमा आगामी नगरसभाबाट अनुमोदन गर्ने गरी सो मध्येको रु.६,००,०००।- (छ लाख) रकम १०.३० को भ्रमण खर्चमा थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ०९**

रामेछाप नगरपालिकाको आ.व ०८२/०८३ को वडा स्तरीय स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत वडा नं.४ को देहाय अनुसारका योजना/कार्यक्रमहरु आगामी नगरसभाबाट अनुमोदन गर्ने गरी संशोधन गर्ने निर्णय गरियो ।

देहाय

| क.सं. | विनियोजित योजना | रकम | संशोधित योजना | रकम |
|---|---|---|---|---|
| १. | ४.६ अवलोकन तथा तिर्थ यात्रा भ्रमण कार्यक्रम | रु.१,००,०००।- | ४.१४ देवी गाउँ भैसीडाडाँ | १,७५,०००।- |
| २. | ४.१ विषादी खरिद कार्यक्रम | रु.७५,०००।- | | |
| | | | | |

**निर्णय नं. १०**

रामेछाप नगरपालिकाको आ.व ०८२/०८३ को वडा स्तरीय स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत वडा नं.३ को देहाय अनुसारका योजना/कार्यक्रमहरु आगामी नगरसभाबाट अनुमोदन गर्ने गरी संशोधन गर्ने निर्णय गरियो ।

देहाय

| क.सं. | विनियोजित योजना | रकम | संशोधित योजना | रकम |
|---|---|---|---|---|
| १. | ३.२ कृषक प्रोत्साहन कार्यक्रम वडा भरी | ५०,००० | विषादी खरिद | ५०,०००।- |

**निर्णय नं. ११**

रामेछाप नगरपालिका अन्तर्गत देहायका सडकहरुको स्तरोन्नती कार्यका लागि बहुबर्षिय योजनामा समावेश गरी विस्तृत परियोजना प्रतिवेदन(DPR) बमोजिमको रकम व्यवस्थापन गरिदिन सघन सहरी तथा भवन निर्माण आयोजना, मन्थली, रामेछापमा अनुरोध गर्ने निर्णय गरियो ।

तपशिल

तपशिल

१. भालुखोप-कुशवसेरी सडक स्तरोन्नती रा.न.पा.७,६र ४

२. साउने-धमिनीछाप-खुर्सानीडाँडा-बोलडबोलड सडक स्तरोन्नती, रा.न.पा. ६ र ४

**निर्णय नं. १२**

रामेछाप नगरपालिकामा बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत पोषणमैत्री स्थानीय शासन प्रवर्द्धनको विषयगत शाखाहरुबाट तयार भएको आर्थिक वर्ष २०८२/०८३ को पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रमका लागि विनियोजित रु.३,००,०००।- (तिन लाख) बजेट सहितको कार्ययोजना पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट चालु आ.व. ०८२/०८३ मा रामेछाप नगरपालिका वडा नं.३ थाक्लेडाँडा आधारभूत स्वास्थ्य सेवा केन्द्र र वडा नं.८ वावियाखर्क आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माणका लागि क्रमशः रु.३८/३८ लाख बजेट विनियोजन भएको र उल्लेखित भवनहरुको निर्माणका लागि रु. १,३८,३३,७०३.०७ (मु.अ. कर सहित) लागत अनुमान तयार भएकोमा ती स्वास्थ्य केन्द्रहरुको भवन निर्माण कार्यको ठेक्का प्रक्रिया अघि बढाउने र नपुग हुन जाने रकम आगामी आ.व.को वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १४**

वालमैत्री स्थानीय शासन नगर समितिको मिति २०८२/१२/०४ गतेको बैठकको जनशक्ति व्यवस्थापन/परिचालन सम्वन्धी निर्णय अनुमोदन गर्ने र सो निर्णय कार्यान्वयनका लागि महिला तथा वालवालिका शाखा मार्फत सम्वन्धित वडा कार्यालयहरुलाई पत्राचार गर्ने निर्णय गरियो।

**निर्णय नं. १५**

आ.व.०८३/०८४ का लागि यस नगरपालिका अन्तर्गत देहायका योजनाहरु छनौट गरी संघीय सरकार, प्रदेश सरकार तथा मातहतका विभिन्न निकायहरुमा पठाउने निर्णय गरियो ।

तपशिल

| क्र.स. | योजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | लिखु करिडोर रातोडाडा मसार वडा कार्यालय सडक स्तरोन्नती | रा.न.पा.१ गोठगाउँ | |
| २. | गोगने देवाली चउर सेरा वेसी सडक स्तरोन्नती | रा.न.पा.१ | |
| ३. | गोठगाउँ गोठपानी वृहत खानेपानी योजना | रा.न.पा.१ | |
| ४. | लर्खु बाँसखर्क होक्से चौतारा डाँडा सिचाँई योजना | रा.न.पा.१ | |
| ५. | केउरेपानी, चउरवारी, फलाटेखवला, चिलाउने, हिमगंगा सडक | रा.न.पा.२ | |

भोला प्रसाद थापा
प्रमुख प्रशासकीय अधिकृत

रामेछाप नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल
२०७३

| | | | |
|---|---|---|---|
| ६. | चिउरीबोट, वडा कार्यालय, लाम्टे, बस्नेतगाउँ हुँदै काभ्रे, कात्तिके सडक स्तरोन्नती | रा.न.पा.२ | |
| ७. | सिम्लेखोला, चारआने भिरकोट खानेपानी | रा.न.पा.२ | |
| ८. | लाम्टेखोला, बस्नेतगाउँ खानेपानी | रा.न.पा.२ | |
| ९. | फलाटेखोला राजटार सिंचाई कुलो | रा.न.पा.२ | |
| १०. | खानिखोला, लिस्ने, गैरीखेत सिंचाई कुलो | रा.न.पा.२ | |
| ११. | थाक्लेडाँडा-लक्ष्मीबास वडा कार्यालय साँघुटार सडक | रा.न.पा.३ | |
| १२. | लक्ष्मीबास कमलाबारी, गोठगाउँ सडक | रा.न.पा.३ | |
| १३. | झगडेमोड सुवेदी टोल लाम्बिरे सडक | रा.न.पा.३ | |
| १४. | धारापानी मुहान गरी बाँकीभैरी खानेपानी | रा.न.पा.३ | |
| १५. | लाम्टे मुहान गरी थाक्ले खानेपानी | रा.न.पा.३ | |
| १६. | लिखुनदी स्याले मुहान गरी लाम्बिरे बलौटे सिंचाई कुलो | रा.न.पा.३ | |
| १७. | कुलाबाझ मुहान गरी साँघुटार बेशी थाक्ले खुदुर्की सिचाँई कुलो | रा.न.पा.३ | |
| १८. | ढाडबेशी-लाकुरीबोट-तल्लोबेशी सिंचाई योजना | रा.न.पा.३ | |
| १९. | साउने बोलङबोलङ बरबोट सडक | रा.न.पा.४ | |
| २०. | गोठाले डाँडा धारापानी कुशबसेरी सडक | रा.न.पा.४ | |
| २१. | गोठाले डाँडा तिल्बारी वडा कार्यालय सरुगाउँ सडक | रा.न.पा.४ | |
| २२. | केन्द्रिय खानेपानी योजना बोलङ बोलङ | रा.न.पा.४ | |
| २३. | लिखुखोला तिनबसेरी लिफ्ट खानेपानी योजना | रा.न.पा.४ | |
| २४. | लाखंतार तारुके गिजान्तार सिँचाई कुलो मर्मत | रा.न.पा.४ | |
| २५. | फोन्द्रिखोला घुमाउनेटार लिफ्ट सिंचाई योजना | रा.न.पा.४ | |
| २६. | मगर संग्राहलय निर्माण | रा.न.पा.४ | |
| २७. | सेतो पहिरो नियन्त्रण | रा.न.पा.४ | |
| २८. | रामपुर कोलन्जोरघाट सडक कालोपत्रे | रा.न.पा.५ | |
| २९. | खानीडाँडा, डाँडाटोल, लाम्पुन, काभ्रे सडक कालोपत्रे | रा.न.पा.५ | |
| ३०. | दाईजोर, बसन्तपुर, चुकियाघाट सडक कालोपत्रे | रा.न.पा.५ | |
| ३१. | दाईजोर सिद्धठाकुर सडक | रा.न.पा.५ | |
| ३२. | खर्क विशौना सडक | रा.न.पा.५ | |
| ३३. | खानीडाँडा टेकम सडक | रा.न.पा.५ | |
| ३४. | रामपुर रमितेडाँडा वसन्तपुर सडक | रा.न.पा.५ | |
| ३५. | झराप्दी लिनाहा चारघरे सडक | रा.न.पा.५ | |
| ३६. | साईटार डांसिङटार सडक | रा.न.पा.५ | |
| ३७. | रामपुर हजारे गुर्मु सडक | रा.न.पा.५ | |

भोल प्रसाद थापामगर
प्रमुख प्रशासकीय अधिकृत

रामेछाप नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामेछाप बजार, रामेछाप
बागमती प्रदेश, नेपाल
२०७३

CamScanner

| | | | |
|---|---|---|---|
| ३८. | रामपुर सुनकोशी वृहत लिफ्ट खानेपानी योजना | रा.न.पा.५ | |
| ३९. | साईटार लिफ्ट खानेपानी | रा.न.पा.५ | |
| ४०. | सिद्धठाकुर मन्दिर निर्माण तथा व्यवस्थापन | रा.न.पा.५ | |
| ४१. | रामपुर बुद्धको मुर्ति निर्माण तथा व्यवस्थापन | रा.न.पा.५ | |
| ४२. | सिमल भञ्याङ बुद्धको मुर्ति निर्माण तथा व्यवस्थापन | रा.न.पा.५ | |
| ४३. | सुनुवार समाज सङ्ग्राहलय निर्माण | रा.न.पा.५ | |
| ४४. | चण्डी मन्दिर निर्माण | रा.न.पा.५ | |
| ४५. | रत्नेश्वर महादेव मन्दिर व्यवस्थापन | रा.न.पा.५ | |
| ४६. | खानीडाँडा छिवसे सामुदायिक भवन थप निर्माण | रा.न.पा.५ | |
| ४७. | कैजल सामुदायिक वन भवन निर्माण | रा.न.पा.५ | |
| ४८. | साढे बेशी सुनकोशी तटवन्ध योजना | रा.न.पा.५ | |
| ४९. | मंसुली बेशी सुनकोशी तटबन्ध योजना | रा.न.पा.५ | |
| ५०. | साढे बेशी सिंचाई योजना | रा.न.पा.५ | |
| ५१. | मंसुली बेशी सिंचाई योजना | रा.न.पा.५ | |
| ५२. | रिठ्ठाबोट सलिङ्गी मंसुली बेशी सडक स्तरोन्नती योजना | रा.न.पा.५ | |
| ५३. | हाडेटार सिंचाई योजना | रा.न.पा.५ | |
| ५४. | भालुखोप-ओखेनी देवीगाउँ बसेरी सडक स्तरोन्नती | रा.न.पा.६ | |
| ५५. | ओखेनी च्यास्कु डाङसिङटार धनेघाट सडक स्तरोन्नती | रा.न.पा.६ | |
| ५६. | फलाटे, पुरानागाउँ, ओखेनी, वडाकार्यालय च्यास्कु सडक स्तरोन्नती | रा.न.पा.६ | |
| ५७. | लामसिंहडाँडा बुद्ध मुर्ति निर्माण | रा.न.पा.६ | |
| ५८. | भालुखोप कटुन्जे च्याउकेठाटी सडक स्तरोन्नती | रा.न.पा.६ | |
| ५९. | सिमलभञ्याङ, गोल्माटार, डाङसिङटार सडक स्तरोन्नती र विस्तार | रा.न.पा.६ | |
| ६०. | विसौली चायाँखेर्क खानेपानी योजना | रा.न.पा.६ | |
| ६१. | दहखोला लिफ्ट खानेपानी योजना डाङसिङटार | रा.न.पा.६ | |
| ६२. | ड्वाङ्ग्रे सिस्नेखोला सिंचाई योजना | रा.न.पा.६ | |
| ६३. | फलाटेवेशी सिंचाई योजना | रा.न.पा.६ | |
| ६४. | सुनकोशी लिफ्ट खानेपानी आयोजना | रा.न.पा.७ | |
| ६५. | कालिकुवा डिप वोरिङ्ग खानेपानी | रा.न.पा.७ | |
| ६६. | घट्टेखोला खानेपानी योजना | रा.न.पा.७ | |
| ६७. | खिर्रेपानी लिफ्ट खानेपानी योजना | रा.न.पा.७ | |
| ६८. | भोटेधारा खानेपानी योजना | रा.न.पा.७ | |
| ६९. | गुलेलीडाँडा ढाँडटोल सडक स्तरोन्नती | रा.न.पा.७ | |
| ७०. | पालेवन-सिम्ले जोर चौतारा सडक स्तरोन्नती | रा.न.पा.७ | |

| | | | |
|---|---|---|---|
| ७१. | देवीथान-धाराछाप-वरपीपल-सुकाजोर फेदी सडक | रा.न.पा.७ | |
| ७२. | रामेछाप-मुडाजोर-विर्ता सडक स्तरोन्नती | रा.न.पा.७ | |
| ७३. | वडा कार्यालय-थुम्का-मडाजोर-धनेघाट सडक स्तरोन्नती | रा.न.पा.७ | |
| ७४. | थुम्का-मुगान-धिपिडाँडा-रजयछाप सडक स्तरोन्नती | रा.न.पा.७ | |
| ७५. | मुडाजोर-मुगान-रजयछाप-धनेघाट सडक स्तरोन्नती | रा.न.पा.७ | |
| ७६. | मुगान-दिङ्ला-मजुवा सडक निर्माण | रा.न.पा.७ | |
| ७७. | मुडाजोर-थलडाँडा-वालिङखोला-विर्ता सडक निर्माण | रा.न.पा.७ | |
| ७८. | चाम्बोट-भटमासडाँडा-सादीखोला सडक स्तरोन्नती | रा.न.पा.७ | |
| ७९. | पैयापानी-भाङलाङ-कामीखोला सडक स्तरोन्नती | रा.न.पा.७ | |
| ८०. | पोखरेटोल सडक स्तरोन्नती | रा.न.पा.७ | |
| ८१. | पालेवन-देविथानधारा सडक स्तरोन्नती | रा.न.पा.७ | |
| ८२. | आग्रीगाउँ धनेघाट सडक निर्माण | रा.न.पा.७ | |
| ८३. | सिम्ले देवीथान सडक स्तरोन्नती | रा.न.पा.७ | |
| ८४. | रामेछाप-देविथानधारा-पाल्ले-सुकाजोरखोला सडक स्तरोन्नती | रा.न.पा.७ | |
| ८५. | भालुखोप-बाङ्गेपिपल सडक स्तरोन्नती | रा.न.पा.७ | |
| ८६. | देवीथान-भालुखोप सडक निर्माण | रा.न.पा.७ | |
| ८७. | कसेरी-विर्ता सडक निर्माण | रा.न.पा.७ | |
| ८८. | सामुदायिक भवन निर्माण छाप पाल्ले | रा.न.पा.७ | |
| ८९. | कालिकादेवी आमा समूह भवन निर्माण चाम्बोट | रा.न.पा.७ | |
| ९०. | सत्यवचन परं इश्वरीय मार्गदर्शन सामाजिक संस्था भवन निर्माण | रा.न.पा.७ | |
| ९१. | टाँसी छेरिङ गुम्वा निर्माण | रा.न.पा.७ | |
| ९२. | महाकाली आधारभूत भवन निर्माण | रा.न.पा.७ | |
| ९३. | पटनादेवी मा.वि भवन निर्माण | रा.न.पा.७ | |
| ९४. | विर्ता गोल्टार पक्की पुल निर्माण | रा.न.पा.७ | |
| ९५. | चिम्खीटार ग्वाल्टार झोलुङ्गे पुल निर्माण | रा.न.पा.७ | |
| ९६. | महताराटोल पालेवन चाम्बोट मुडाजोर खिर्रेपानी जोरचौतारा देवीथान प्रतिक्षालय निर्माण | रा.न.पा.७ | |
| ९७. | तिल्केस्थान गढी, ढुकुरसिंहडाँडा, ल्याङल्याङ, रामेछाप बजार ताराखसे,भालुखोपडाँडा, गणेशटार मन्दिर पदमार्ग निर्माण | रा.न.पा.७ | |
| ९८. | महाकालीदेवी मन्दिर तथा पार्क निर्माण | रा.न.पा.७ | |
| ९९. | शिव मन्दिर निर्माण विर्ता | रा.न.पा.७ | |
| १००. | ताराखसे पोखरी तथा पार्क निर्माण | रा.न.पा.७ | |
| १०१. | कभर्डहल तथा हिलेपानी खेल मैदान निर्माण | रा.न.पा.७ | |
| १०२. | औधोगिक ग्राम निर्माण | रा.न.पा.७ | |

| | | | |
|---|---|---|---|
| १०३. | सिरुपाते बस्नेत भवन निर्माण | रा.न.पा.७ | |
| १०४. | सुकाजोर स्वास्थ्य चौकी भवन निर्माण | रा.न.पा.७ | |
| १०५. | नागरिक आरोग्य सेवा केन्द्र भवन निर्माण | रा.न.पा.७ | |
| १०६. | एकीकृत बस्ती विकास तथा विविध पूर्वाधार निर्माण पालेवन | रा.न.पा.७ | |
| १०७. | धनेघाट, राजयछाप, मुडाजोर, बरडाँडा लिफ्ट सिंचाई आयोजना | रा.न.पा.७ | |
| १०८. | विर्ता, वालिङखोला, लिफ्ट सिंचाई योजना | रा.न.पा.७ | |
| १०९. | किरातेखोला सुकाजोर खोला सिंचाई योजना | रा.न.पा.७ | |
| ११०. | कभर्ड हल संरक्षण तथा पहिरो नियन्त्रण | रा.न.पा.७ | |
| १११. | रजयछाप बस्ती संरक्षण | रा.न.पा.७ | |
| ११२. | धरती खोला, मुढेखोला बस्ती संरक्षण | रा.न.पा.७ | |
| ११३. | विर्ता खर्क बस्ती संरक्षण | रा.न.पा.७ | |
| ११४. | गरगरे पहिरो नियन्त्रण | रा.न.पा.७ | |
| ११५. | स्थानीय मदिरा उत्पादन ब्रान्डिङ तथा बजारीकरण | रा.न.पा.७ | |
| ११६. | जुनार, सुन्तला तथा अमिलो जातको फलफुल बगैंचा निर्माण तथा व्यवस्थापन। | रा.न.पा.७ | |
| ११७. | विभिन्न जातको फलफुल व्यवसाय प्रवर्द्धन | रा.न.पा.७ | |
| ११८. | मौसमी तथा बेमौसमी तरकारी खेती कार्यक्रम | रा.न.पा.७ | |
| ११९. | व्यवसायिक पशुपालन प्रवर्द्धन कार्यक्रम | रा.न.पा.७ | |
| १२०. | धर्तीखोला तटबन्धन | रा.न.पा.७ | |
| १२१. | एकिकृत सघन शहरी विकास परियोजना | रा.न.पा.८ | |
| १२२. | धारापानी सल्ले डुम्रीखर्क हुदै डुम्रीखर्क सडक कालोपत्रे | रा.न.पा.८ | |
| १२३. | वावियाखर्क रातमाटे पुष्पलाल पार्क हुदै कोटोल पालेवन सडक स्तरोन्नती | रा.न.पा.८ | |
| १२४. | टुनीबोट आरुबोट सिम्लेदेवीस्थान हुदै डुम्रीखर्क पिपलबोट सडक स्तरोन्नती | रा.न.पा.८ | |
| १२५. | भेटेरीनरी लामागाउँ वादी सिमन्ती हुदै भोटेटार सम्म सडक कालोपत्रे | रा.न.पा.८ | |
| १२६. | मानेडाँडा तमाङटोल हुदै भोर्ले ल्याण्ड फिल्ड सम्म सडक कालोपत्रे | रा.न.पा.८ | |
| १२७. | गणेशचोक डुम्रीखर्क पिपलबोट सडक स्तरोन्नती | रा.न.पा.८ | |
| १२८. | कोलडाँडा, भुजेलटोल, ठुलापोखरी हुदै थुम्की सडक स्तरोन्नती | रा.न.पा.८ | |
| १२९. | झगडेचौर शाहीटोल हुदै केवलेश्वर महादेवस्थान सम्म सडक स्तरोन्नती | रा.न.पा.८ | |
| १३०. | मानेडाँडा बुद्धचोक देखि एफ एम आर्मी क्याम्प | रा.न.पा.८ | |

भोजा प्रसाद घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | सम्म सडक स्तरोन्नती | | |
| १३१. | रामेछाप सामुदायिक खानेपानी योजना | रा.न.पा.८ | |
| १३२. | वावियाखर्क खानेपानी योजना | रा.न.पा.८ | |
| १३३. | डुम्रीखर्क खानेपानी योजना | रा.न.पा.८ | |
| १३४. | खानेपानी ट्याङ्गी निर्माण लामागाउँ | रा.न.पा.८ | |
| १३५. | भोटेटार सिंचाई आयोजना | रा.न.पा.८ | |
| १३६. | कात्तिके कृषि सिंचाई आयोजना | रा.न.पा.८ | |
| १३७. | बिटार सिंचाई आयोजना | रा.न.पा.८ | |
| १३८. | बिटार पार्क आकाशेपुल निर्माण तथा अन्य व्यवस्थापन | रा.न.पा.८ | |
| १३९. | श्री मा.वि भंगेरी पहिरो नियन्त्रण | रा.न.पा.८ | |
| १४०. | कृष्ण मन्दिर डाँडाटोल सडक स्तरोन्नती | रा.न.पा.८ | |
| १४१. | तामाङगाउँ पहिरो नियन्त्रण | रा.न.पा.८ | |
| १४२. | सुकाजोरखोला दोहोरो तटबन्धन तामाकोशी नदी सम्म | रा.न.पा.७ र ८ | |
| १४३. | मानेडाँडा पखेरा तिलेचौर सडक विस्तार | रा.न.पा.९ | |
| १४४. | भुमेथान सुहारा सुनकोशी सडक विस्तार | रा.न.पा.९ | |
| १४५. | धारापानी लिफ्ट खानेपानी योजना | रा.न.पा.९ | |
| १४६. | शान्दाखोला सिमन्ती लिफ्ट खानेपानी योजना | रा.न.पा.९ | |
| १४७. | राताटाहार लिफ्ट सिंचाई योजना | रा.न.पा.९ | |
| १४८. | हर्दिनी लिफ्ट सिंचाई योजना | रा.न.पा.९ | |
| १४९. | सघन शहरी विकाश परियोजना | रा.न.पा.७,८,९ | |

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ८४ को उपदफा २(ज) तथा रामेछाप नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण कार्यविधि,२०७४ को नियम ५ को उपनियम(१) बमोजिम प्रमाणित गरिएको ।

..................
भोलाप्रसाद चापागाई
प्रमखु प्रशासकीय अधिकृत

..................
लवश्री न्यौंपाने
प्रमुख